
# उच्च अदालत विराटनगर
# वार्षिक प्रतिवेदन
## आ.व.२०७५/०७६

## भूमिका :-

उच्च अदालत विराटनगर मुद्दाको चापको दृष्टिकोणले नेपालको ठूलो उच्च अदालतहरू मध्येको एक हो ।  यस अदालतले न्यायपालिकाको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना आ.व. २०७१/०७२-२०७५/७६ अन्तर्गत आ.व. २०७५/०७६ को वार्षिक कार्ययोजना अनुरूप आफ्नो लक्ष्य निर्धारण  गरेको थियो । वार्षिक कार्य योजना अनुरूप अधिकांश कार्यहरू शतप्रतिशत कार्यान्वयन भएका छन् भने कतिपयको कार्यान्वयन पक्षले पूर्णता नपाएपनि उत्साहजनक रूपमा नै रहेको अवस्था छ । आ.व. २०७५/०७६ को मुद्दा, रिटतर्फको लगत फछ्र्यौट र बाँकीको विवरण तथा अन्य व्यवस्थापकीय कार्यको लक्ष्य र प्रगतिको विवरण तोकिएका फारामहरूमा उल्लेख गरी प्रतिवेदन प्रस्तुत गरिएको छ ।

| जिम्मेवारी | चालु आ.व.मा दर्ता | कूल लगत | फछ्र्यौट | फछ्र्यौट प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|
| ९५६ | ३४६८ | ४४२४ | २४८२ | ५६.१० | १९४२ |





माथि उल्लेखित तालिकाबाट गत आ.व. २०७४/०७५ मा जिम्मेवारी सरी आएका ९५६ थान मुद्दा र यस आ.व.मा दर्ता भएका मुद्दा तथा रिट निवेदन समेत ३४६८ भई कूल लगत ४४२४ रहेको छ । सुरूमा २२८५  थान मुद्दा पर्ने अनुमान गरी कूल ३२४१ थान

मुद्दाको ७०% अर्थात् २२६९ मुद्दा फछ्र्यौट गर्ने अनुमान गरी वार्षिक कार्ययोजना तयार गरिएको थियो । अनुमान भन्दा ११८३ थान मुद्दा बढी दर्ता हुन आएको अवस्था छ भने फछ्र्यौट गर्नुपर्ने अनुमान २२६९ भएकोमा अनुमान गरिए भन्दा २१३ थान बढी मुद्दा फछ्र्यौट हुन गई कूल फछ्र्यौट २४८२ थान हुन पुगेतापनि (ख) वर्ग भित्र पर्ने यस अदालतमा ७० प्रतिशत फछ्र्यौट लक्ष्य पुग्न नसकी जम्मा फछ्र्यौट प्रतिशत ५६.१० रहन गएको छ । सो लक्ष्य अनुसार फछ्र्यौट प्रतिशत कम हुनाको मुख्य कारणमा मुद्दा दर्ता हुने अनुमान गरिएको संख्या भन्दा ११८३ थान मुद्दा बढी दायर हुन पुगेको देखिन्छ । साथै यस अदालतमा केही असहज परिस्थिती सिर्जना हुन पुगी अदालतमा कार्यरत अधिकांश माननीय न्यायाधीशज्यूहरू न्याय परिषद्मा काज सरूवा भई तत्काल निर्णय गर्ने जिम्मेवारीबाट अलग रहनु पर्ने र अन्यत्रबाट काज सरूवा भई यस अदालतमा आउनुहुने माननीय न्यायाधीशज्यूहरू हाजिर हुन आउने र जाने मा.न्या.ज्यूहरू बीचको ग्याप बढी हुन पुगेको र असहज कार्य वातावरणमा सुधार गर्न समय लागेको, १२ जना न्यायाधीश र ६ वटा इजलास लाग्ने आधारमा फछ्र्यौट प्रतिशत निर्धारण भएकोमा आर्थिक वर्षको उत्तरार्धमा मात्र दरबन्दी अनुरूपको न्यायाधीशको व्यवस्था हुन सकेकोले फछ्र्यौट गर्नुपर्ने ७० प्रतिशतको लक्ष्य प्रतिशतका हिसाबले पुरा हुन नसकी कम प्रतिशत देखिन गएको अवस्था भएतापनि वार्षिक फछ्र्यौट गर्नुपर्ने २२६९ थानको लक्ष्य भन्दा २१३ थान बढी नै मुद्दा फछ्र्यौट हुन पुगी कूल फछ्र्यौट संख्या २४८२ थान हुन पुगेको देखिन्छ । यो फछ्र्यौट संख्या संख्याको हिसाबले लक्ष्यको करिव १०७% हुन आउँछ । यस हिसाबले हेर्दा फछ्र्यौट अवस्था कमजोर भन्न मिल्ने अवस्था छैन ।

आ.व. २०७५/०७६ मा फछ्र्यौट हुन बाँकी रही आगामी आ.व. २०७६/०७७ का लागि जिम्मेवारी सरेका १९४२ मुद्दा मध्ये २ वर्ष नाघेका मुद्दा २१ थान, १८ महिनादेखी २ वर्ष भित्रका ५३ थान, १ वर्ष देखि १८ महिना भित्रका मुद्दा ११० थान , ९ महिना देखि १ वर्ष भित्रका ३५५थान र बाँकी १४०३ थान मुद्दा ९ महिना भित्रैका छन् । बाँकी रहेका मुद्दा मध्ये थुनुवा मुद्दा १२१थान र थुनुवा संख्या १२६ रहेको अवस्था छ । बाँकी रहेका १८ महिना नाघेका र थुनुवा मुद्दालाई पहिलो प्राथमिकतामा राखी ती मुद्दाहरूमा भएको आदेशानुसारको कार्य यथाशिघ्र अंग प्रुयाई पेसीमा राखी फछ्र्यौट गरिनेछ भने अन्य मुद्दाहरूमा समेत समयमानै अंग प्रुयाई योजनाले तोकेको फछ्र्यौट लक्ष्य हाँसिल गर्न प्रयत्नशिल रहिरहनेछौं । चौथो रणनीतिक योजनाको पहिलो वर्षमा जिम्मेवारी सर्ने गरी निर्धारित रणनीतिलाई यस अदालतबाट पनि मार्गदर्शन र रणनीतिकरूपमा अंगिकार गरी अहोरात्र जुटी सो कार्य सम्पन्न गर्न हामी दृढ सङ्कल्परत छौं ।

# फछ्र्यौट हुन बाँकी रहेका मुद्दाहरूको अवधिगत विवरण


| क्र. स. | २ वर्ष नाघेका मुद्दा | १८ महिनादेखि २ वर्ष भित्रका | १ वर्ष देखि १८ महिना भित्रका | ९ महिना देखि १ वर्ष भित्रका | १ वर्ष भित्रका | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २१ | ५३ | ११० | ३५५ | १४०३ | १९४२ |



**यस अदालत र मातहतका जिल्ला अदालतहरूको मुद्दा लगत फछ्र्यौट र बाँकीको संक्षिप्त विवरण:**

| सि. नं. | अदालतको नाम | लगत | फछ्र्यौट | प्रतिशत | बाँकी |
|---|---|---|---|---|---|
| १ | उच्च अदालत विराटनगर | ४४२४ | २४८२ | ५६.१० | १९४२ |
| २ | मोरङ जिल्ला अदालत | ६५८१ | ४५५८ | ६९.१० | २०३३ |
| ३ | सुनसरी जिल्ला अदालत | ७५३३ | ४५५१ | ६०.०३ | ३०३२ |

**यस अदालत र मातहतका जिल्ला अदालतहरूको मुद्दा लगत फछ्र्यौट प्रतिशत**





**न्यायाधीशगत फछ्र्यौट विवरण:**

**काज सरूवा हुनभएका न्यायाधीशज्यूहरूको  फछ्र्यौट विवरण**

| नामथर | फछ्र्यौट संख्या |
|---|---|
| मा.मु.न्या.डा. कुलरत्न भुर्तेल | १६१ |
| मा.न्या. नागेन्द्रलाभ कर्ण | १४९ |
| मा.न्या. श्री थीर बहादुर कार्की | १६२ |
| मा.न्या.श्रीशारङ्गा सुवेदी | २०५ |
| मा.न्या. श्री उमेशराज पौडयाल | १९० |
| मा.न्या.श्री उमेश कुमार सिंह | १८८ |
| मा.न्या.श्री साधुराम सापकोटा | १३५ |
| मा.न्या.श्री जनक पाण्डे | १८९ |
| जम्मा | १३७९ |


# हाल कार्यरत माननीय न्यायाधीशज्यूहरूको फछ्र्यौट विवरण

| नामथर | फछ्र्यौट संख्या |
|---|---|
| श्री शिवराज अधिकारी | ३४५ |
| श्री प्रेमराज कार्की | १७७ |
| श्री बीर बहादुर डाँगी | २३२ |
| श्री हरिप्रसाद वगाले | १४२ |
| श्री लेखनाथ घिमिरे | ४२२ |
| श्री हरिप्रसाद भण्डारी | ३९८ |
| श्री महेशशर्मा पौडेल | ५०४ |
| श्री शेखरप्रसाद पौडेल | ३६० |
| श्री राम प्रसाद अधिकारी | २३८ |
| श्री ऋषिराम दवाडी | ४७६ |
| श्री महम्मद जुनैद आजात | ९१ |
| श्री रेणुका शाह | १११ |
| श्री अन्जु उप्रेती ढकाल | ८४ |
| जम्मा | ३५८० |



## मासिक लक्ष्य र प्रगति


| महिना | लक्ष्य | प्रगति |
|---|---|---|
| श्रावण | १२५ | ४१ |
| भाद्र | २०६ | ९० |
| असोज | १६३ | १३२ |
| कार्तिक | १३१ | १०१ |
| मंसिर | १९६ | २३३ |
| पौष | २१३ | २२८ |
| माघ | २०५ | १४९ |
| फागुन | १९७ | २३२ |
| चैत्र | १९७ | २५५ |
| वैशाख | १८८ | २९० |
| जेष्ठ | २२४ | ३५७ |
| आषाढ | २२४ | ४०४ |
| जम्मा | २२६९ | २४८२ |



# ३ वर्षे तुलनात्मक विवरण

## उच्च अदालत विराटनगर


| आ.व. | लगत | फछ्र्यौट | प्रतिशत | बाँकी | २ वर्षे |
|---|---|---|---|---|---|
| ०७३/०७४ | ३८३५ | २३९१ | ५६.७३ | १४४४ | ४ |
| ०७४/०७५ | ३३५२ | २३९६ | ७१.४७ | ९५६ | २३ |
| ०७५/०७६ | ४४२४ | २४८२ | ५६१० | १९४२ | २१ |




## मोरङ जिल्ला अदालत

| आ.व. | लगत | फछ्र्यौट | प्रतिशत | बाँकी | २ वर्षे |
|---|---|---|---|---|---|
| ०७३/०७४ | ६३७९ | ४१६२ | ६५.३० | २११३ | ४४ |
| ०७४/०७५ | ६५२२ | ४०४७ | ६२.६५ | २४७५ | १६४ |
| ०७५/०७६ | ६५८१ | ४५४८ | ६९.१० | २०३३ | ४ |


# लगत फछ्र्यौटको ३ वर्षे तुलनात्मक विवरण मोरङ जिल्ला अदालत



## लगत फछ्र्योटको ३ वर्षे तुलनात्मक विवरण सुनसरी जिल्ला अदालत

| आ.व. | लगत | फछ्र्यौट | प्रतिशत | बाँकी | २ वर्षे |
|---|---|---|---|---|---|
| ०७३/०७४ | ५७९७ | ३२८९ | ५८.७३ | २५०८ | ६६ |
| ०७४/०७५ | ६७९३ | ३४६४ | ५०.९९ | ३३२९ | ८४ |
| ०७५/०७६ | ७५३३ | ४५४१ | ६०.०३ | ३०३२ | ४० |

## सुनसरी जिल्ला अदालत




माथि उल्लिखित ३ वर्षे तुलनात्मक विवरण हेर्दा सर्वप्रथम उच्च अदालत विराटनगरको हकमा आ.व. २०७३/०७४ मा कूल लगत ३८३५ रही सो को ५६.७३ प्रतिशत अर्थात २३९१ थान मुद्दा फछ्र्यौट भई १४४४ थान मुद्दा आ.व. २०७४/०७५ मा जिम्मेवारी सरी आएकोमा आ.व. २०७४/०७५ मा कूल लागत ३३५२ रही सो को ७१.४७ प्रतिशत अर्थात् २३९६ मुद्दा फछ्र्यौट भई ९५६ थान मुद्दा आ.व. २०७५/०७६ का लागि जिम्मेवारी सरी आएको देखिन्छ । त्यसै गरी आ.व. २०७५/०७६ मा ४४२४ पुग्न गएकोमा सो को ५६.१० प्रतिशत अर्थात् २४८२ थान मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसरी तुलनात्मक रूपमा हेर्दा आ.व. २०७४/०७५ मा उल्लेख्य मात्रामा मुद्दा फछ्र्यौट भएको देखिन गएको छ ।

त्यसैगरी मोरङ जिल्ला अदालतको हकमा आ.व. २०७३/०७४ मा कूल लगत ६३७९ रही सो को ६५.०३ प्रतिशत अर्थात ४१६२ थान मुद्दा फछ्र्यौट भई २११३ थान मुद्दा आ.व. २०७४/०७५ को लागि जिम्मेवारी सरी आएकोमा आ.व. २०७४/०७५ मा कूल लागत ६५२२ थान हुन पुगी ६२.६५ प्रतिशत अर्थात् ४०४७

थान मुद्दा फछ्र्यौट भई २४७५ थान मुद्दा आ.व. २०७५/०७६ को लागि जिम्मेवारी सरेको अवस्था छ । आ.व. २०७५/०७६ मा ६५८१ थान पुग्न गएकोमा सो को ६९.१० प्रतिशत अर्थात ४५४८ थान मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसरी तुलनात्मक रूपमा हेर्दा मोरङ जिल्ला अदालतमा आ.व. २०७५/०७६ मा उल्लेख्य मात्रामा मुद्दा फछ्र्यौट भई प्रतिशत दर धेरै माथि हुन पुगेको देखिन्छ ।

त्यसैगरी सुनसरी जिल्ला अदालतको हकमा आ.व. २०७३/०७४ मा कूल लगत ५७९७ थान मुद्दा रही सो को ५८.७३ प्रतिशत अर्थात ३२८९ थान मुद्दा फछ्र्यौट भई २५०८ थान मुद्दा आ.व. २०७४/०७५ को लागि जिम्मेवारी सरी आएकोमा आ.व. २०७४/०७५ मा कूल लागत ६७९३ थान मुद्दा रही सो को ५०.९९ प्रतिशत अर्थात् ३४६४ थान मुद्दा फछ्र्यौट भई ३३२९ थान मुद्दा आ.व. २०७५/०७६ का लागि जिम्मेवारी सरेको अवस्था छ । जम्मा लगत ७५३३ पुग्न गएकोमा सो को ६०.०३ प्रतिशत अर्थात् ४५५१ थान मुद्दा फछ्र्यौट भएको देखिन्छ । यसरी तुलनात्मक अध्ययन गर्दा आ.व. २०७५/०७६ मा सुनसरी अदालतमा फछ्र्यौट प्रतिशत विगतका वर्षहरूमा भन्दा केही सन्तोषप्रद नै देखिन्छ ।

## अदालत व्यवस्थापन सम्बन्धमा

यस अदालतको दैनिक कार्य संचालन विराटनगर १० स्थित १-१-१० जग्गामा निर्मित आफ्नै भवनबाट संचालन भई आएको छ । भवनलाई सबै दृष्टिकोणबाट सुविधा सम्पन्न बनाउन आ.व. २०७१/०७२ मा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र यस अदालतको संयुक्त लगानीमा १० KVA क्षमताको सौर्य उर्जा जडान गरिएको छ । यसबाट चालु अवस्थाका २७ थान कम्प्युटर र इजलाससम्म पंखा चलाउने गरिएको



यस अदालतले सम्मानित सर्वोच्च अदालतबाट भएका निरीक्षण एवं दिइएका निर्देशनहरूको पालना गर्ने र यस अदालतबाट मातहतका जिल्ला अदालत एवं अन्य निकायहरूको निरीक्षण गरी दिइएका निर्देशनहरूको पालना भए नभएको अनुगमन गर्ने कार्य गर्दै आइरहेको छ ।

अदालतको शक्ति भनेको जनआस्था हो । जनआस्था र अदालत बीच गहिरो नाता रहन्छ । न्यायपालिकाको तेस्रो रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्यहरू मध्ये लक्ष्य ४ अदालतप्रति आस्था र विश्वास अभिवृद्धि गर्ने रहेको छ । सो लक्ष्य प्राप्त गर्न रणनीतिक योजनाले विभिन्न उपायहरू पनि सुझाएको छ । ती उपायहरूलाई अवलम्बन गरी न्यायमा जनताको सहज पहुँच स्थापना गर्न र न्यायपालिकाप्रति आस्था र विश्वास अभिवृद्धि गर्न यस अदालतले आ.व. ०७४/०७५ मा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको थियो । यसका लागि दैनिक रूपमा अदालत आउने पक्षहरूलाई काउन्सेलिङ्ग सेवा संचालन गरी आएको छ । असहाय एवं थुनुवाको उचित प्रतिनिधित्वको लागि मासिक ४ पटक वैतनिक वकिलबाट कारागार एवं बाल सुधार गृहमा भ्रमणको व्यवस्था मिलाइएको छ भने परामर्श सेवा प्रदान गर्दै आइरहेको छ ।

जनतासँग सम्पर्क कायम गरी अदालतका विभिन्न सूचना सम्प्रेषण गर्ने र न्यायलयप्रतिको जनधारणा सकारात्मक दिशामा अघि बढाउन नागरिक समाजका प्रतिनिधि, विभिन्न क्याम्पसका प्राचार्य एवं प्राध्यापक, सरोकारवाला निकायहरूका प्रतिनिधिहरू संलग्न गरी ४ पटक न्यायिक संवाद (Judicial Outreach) कार्यक्रम सम्पन्न गरी सकिएको छ । यस्ता कार्यक्रमहरू मार्फत जनआस्था अभिवृद्धि भै न्यायालयको छवि उचो हुने देखिन्छ । सेवाग्राहीका पीर मर्का बुझ्न Meet the Judge कार्यक्रम एवं गुनासो सुन्ने विभिन्न संयन्त्रहरूको व्यवस्थापन गर्ने गरिएको छ । न्यायक्षेत्र समन्वय समितिको बैठकमा प्रादेशिक क्षेत्रभित्रका सरोकारवाला निकायहरूका प्रमुख एवं सुरक्षा निकायका प्रमुखहरूलाई समावेश गरी मुद्दाको काम कारबाही लगायत फैसला कार्यान्वयनको काममा तिब्रता दिइएको छ ।

वार र वेञ्च बीचको सम्बन्धलाई घनिभूत पार्न पटक-पटक अन्तरक्रिया एवं छलफल गर्ने गरिएको छ । यसबाट दैनिक जसो आईपर्ने सानातिना समस्याहरूलाई सजिलै सल्टाउन सकिएको छ । यसरी नै पत्रकारहरू मार्फत अदालतका विभिन्न गतिविधिहरू जनता समक्ष प्रुयाउन पत्रकारसँग भेटघाट एवं अन्तरक्रिया गर्ने गरिएको छ । विभिन्न कलेजका विद्यार्थीहरू एवम् महिला समूहका सदस्यहरूलाई अदालत अवलोकन भ्रमण गराई अदालतका विभिन्न गतिविधिहरूका बारेमा सूचना सम्प्रेषण गर्ने गरिएको छ ।

अदालत भवन भित्र र बाहिरी वातावरण सफा, स्वच्छ र हराभरा पार्न सुन्दर बगैचा निर्माण गरिएको छ जसका लागि २ जना माली र ३ जना स्वच्छकर्मी करार सेवामा राखी अदालत भवनको सरसफाइ गरी वातावरण हरियाली र मनमोहक बनाउने प्रयास गरिएको छ । यस अदालतमा रहेको फूलबारीलाई नमूनाको रूपमा प्रस्तुत गर्न सकिन्छ ।

समग्रमा, यस अदालतले मुद्दा मामिला फछ्र्यौट गर्ने मूल रणनीतिलाई कार्ययोजनाको केन्द्रमा राख्दै अन्य विभिन्न कार्यक्रमहरू संचालन गर्दै अदालतका सूचनाहरू जनस्तरसम्म प्रुयाउने र न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि गर्ने कार्य यस अदालतबाट सञ्चालन हुँदै आएको छ ।

# समस्या र सुझाव

## जनशक्ति व्यवस्थापन :

जनशक्ति व्यवस्थापन संगठनको उद्देश्य हासिल गर्ने एक प्रमुख रणनीतिक हतियार हो । न्यायाधीश एवं अन्य जनशक्ति समयमै पूर्ति हुनुपर्ने हुन्छ भने न्यायाधीश एवम अन्य कर्मचारीलाई तालीम एवं प्रशिक्षणको यथोचित व्यवस्थापन हुनु पनि उतिकै आवश्यक छ । यस अदालतमा कार्यरत २१ जना शाखा अधिकृतहरूको दरवन्दी रहेकोमा शुरुमा ५ जना शाखा अधिकृतमात्र् कार्यरत रहँदा अदालतको काममा ज्यादै असर परेको अझै पनि दरबन्दी अनुरूप कर्मचारीहरू पूर्ती हुन नसकेको अवस्था छ । जनशक्तिको संख्यात्मक र गुणात्मक दुवै हिसाबले समस्या रहेको र थप जनशक्ति वा दरबन्दी बढाउँदै उपलब्ध जनशक्तिको क्षमता विकास गराउन आवश्यक छ । सर्वोच्च अदालतबाट कर्मचारीको काज सरूवा वा पदस्थापना गर्दा कर्मचारीको दक्षता, क्षमता, सीप र अदालतको कार्य चाप र निजले गर्न सक्ने योगदान समेतलाई मूल्याङ्कन गर्न आवश्यक हुनेमा तदनुरूप हुन नसकेको अवस्था छ ।

## पुस्तकालय:-

**"पुरानो कोट लगाउ, नयाँ पुस्तक पढ" थोरो** प्रसिद्ध चिन्तकको भनाईलाई मध्यनजर गर्दै अदालतमा नयाँ नयाँ विषयका विवादहरू आईरहेका हुन्छन् । नयाँनयाँ विषयहरू पुरानो कानून वा अभिलेखबाट सम्वोधन नहुने हुनाले पुस्तकालयलाई समय सापेक्ष बनाउनु पर्ने हुन्छ । यस आर्थिक वर्षमा प्राप्त बजेटबाट पुस्तकालयका लागि ऐन कानुनका संशोधित पुस्तकहरू र केही सैद्धान्तिक पुस्तकहरू खरिद गरी पुस्तकालयलाई समय सापेक्ष बनाउने प्रयास गरिएको छ । यस आ.व.को जस्तै आगामी आ.व. लागि छुट्याईएको बजेटबाट यस अदालतलाई आवश्यक पर्ने ऐन, कानून एवम् समय सान्दर्भिक पुस्तकहरू खरिद गरी पुस्तकालयको व्यवस्थापन गरिनेछ । E library को विकास गर्न आवश्यक देखिएको छ ।

## सूचना प्रविधि

सूचना प्रविधि शाखालाई आवश्यक पर्ने विद्युतीय उपकरणहरू जस्तै कम्प्युटर, फ्याक्स, प्रिन्टर एवं अन्य आवश्यक उपकरणहरू अदालतको भवन, न्यायाधीश एवम् जनशक्तिको अनुपातमा व्यवस्था हुनुपर्ने देखिन्छ । लेखा तथा भौतिक प्रशासन शाखाका लागि Software निर्माण हुन जरूरी छ । कम्प्युटर Lab निर्माणका लागि चाहिने उपकरणहरू एवं जनशक्ति व्यवस्थापन हुनुपर्ने देखिन्छ । प्रत्येक इजलासमा

रहने कम्प्युटरमा LMCD का लागि बजेट विनियोजन हुनु पर्ने देखिएको छ । इन्टरनेट ज्यादै Slow भएकोले यसको स्तर वृद्धि गर्नु ज्यादै जरूरी देखिन्छ ।

## अभिलेख व्यवस्थापन :

अभिलेखमा दर्ता भएका मिसिलहरू कम्प्युटरमा इन्ट्री गर्ने काम प्रारम्भ गरी ४५००० (पैतालिस ) हजार भन्दा बढी मिसिल दर्ता भए पनि भरपर्दो Software को अभावमा उचित व्यवस्थापन गर्न सकिएको छैन । अदालतका लागि उपयुक्त हुने अभिलेख सम्बन्धी Software निर्माण गर्न जरूरी देखिएको छ । अभिलेखका मिसिलहरू सफ्टवेयरमा इन्ट्री गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

## भौतिक अवस्था :

यस अदालतमा १ जना रजिस्ट्रार र २ जना उप-रजिस्ट्रार तथा २१ जना शाखा अधिकृतको दरवन्दी रहेकोले रजिस्ट्रार, उप-रजिस्ट्रारलाई क्वाटरको व्यवस्थापन सम्भव भए १०/१२ जना शाखा अधिकृतहरूको लागि क्वाटरको व्यवस्थापन हुन सकेमा उच्च मनोवलका साथ "**यो मेरो काम हो, मैले नै गर्नुपर्छ, मैले नगरे कस्ले गर्छ ?**" भन्ने आन्तरिक भावना जागृत हुन पुगी गुणात्मक र परिणाममुखी काम हुनेमा ढुक्क हुन सकिन्थ्यो । यस अदालतमा सभाकक्ष निर्माण गर्न आवश्यक रहेको र न्यायाधीशको निवासमा पनि कार्य वातावरण सिर्जना गर्न जरूरी छ ।

## सवारी साधन र मर्मत संम्भार

यस अदालतले प्रयोग गरेका गाडी, मोटरसाइकल एवं माननीय न्यायाधीशज्यूहरूले प्रयोग गर्नु भएका गाडीहरू पुरानो हुँदै गएको सन्दर्भमा मर्मत संभार गर्न र कम्प्युटर, प्रिन्टर एवं अन्य विद्युतीय उपकरणहरू समेत मर्मत संभार गर्नका लागि उक्त शीर्षकमा बजेट थप हुन आवश्यक देखिन्छ । प्रत्येक अधिकृत तहका कर्मचारीहरूलाई कम्तिमा मोटर साइकल र न्यूनतम इन्धन सुविधा उपलब्ध गराउनु पर्ने देखिन्छ । तसर्थ, मर्मत शीर्षकमा पर्याप्त बजेट विनियोजित गर्न सकिन्छ ।

जनशक्तिको संख्या र क्षमता, मुद्दाको चाप, सेवाग्राहीको अपेक्षालाई मध्यनजर गर्दा जनशक्तिको अनुपातमा कम्प्युटर र प्रिन्टरको संख्या न्यून भएकोले कम्प्युटरको संख्या थप गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । आधुनिक युग भनेको सूचना प्रविधिको युग भएको कारणले गर्दा अदालतका सूचना बिना रोकटोक निर्वाध ढंगले जनता समक्ष सहज रूपमा लैजान सूचना प्रविधिका विभिन्न उपायहरू अबलम्बन गर्नुपर्ने

हुन्छ । विगत  वर्षहरुमा अदालत सम्बन्धी जानकारी पुस्तिका प्रकाशन गरी श्रव्य दृष्य सामग्री निर्माण गरी Electronic Display Board को माध्यमबाट प्रसारण  गर्ने गरिएको र हाल पनि यस कार्यलाई निरन्तरता दिइआइएको अवस्था छ । यस अदालतमा रहेको IT शाखालाई पूर्वाञ्चल स्तरीय ल्याब बनाउनु व्यवस्थापकीय, आर्थिक एवं प्रशासनिक सबै दृष्टिकोणले उपयुक्त हुने हुँदा त्यसका लागि चाहिने उपकरणहरूको व्यवस्थापन हुनु जरूरी छ ।

**आ.व. २०७५/०७६ मा भएका उपलब्धीहरू**

- मुद्दामा प्रतिशतको हिसाबले लक्ष्य अनुरूप फछ्र्यौट हुन नसकेतापनि लक्ष्य लिइएको फछ्र्यौट संख्याका हिसाबले तथा गत वर्ष भन्दा बढी फछ्र्यौट भएको ।
- वार्षिक कार्ययोजना मुताविक नै विभिन्न रणनीतिक उपायहरू अबलम्बन गरी व्यवस्थापकीय कार्यहरू सम्पन्न गर्ने गरिएको ।
- यस अदालतका सम्पूर्ण काम कारबाहीहरू विद्युतीय माध्यमबाट नै सम्पन्न गरी सूचना प्रविधिमा आबद्ध गर्ने गरिएको  ।
- इ हाजिरी पद्दतिलाई वैज्ञानिक रूपमा लागू गरिएको ।
- अदालत हाता भित्र ६ वटा  सि.सि. **TV** जडान गरिएको ।
- अदालत परिसरभित्रको क्षेत्र वृहत भएतापनि त्यसलाई सफा सुग्घर राखी आकर्षक र मनमोहक  फूलवारीद्वारा सजाइएको ।
- न्यायाधीश/न्यायाधीश, न्यायाधीश/कर्मचारी, वार/वेन्चद्वारा कर्मचारी  बीच अत्यन्त गाढा र सुमधुर सम्बन्ध कायम रही आएको ।
- करिव ४५००० (पैतालिस) हजार  मिसिल अभिलेखमा कम्प्युटरमा इन्ट्री गरिएको ।
- अवधि पुगेका सम्पूर्ण  मिसिलका कागजात सडाई  सकिएको अवस्था छ ।